# आ.व. ०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाबाट स्वीकृत मितिः २०७६।०३।१०**

**घ्याङलेख गाउँपालिका,**
**सिन्धुली**
**३ नं. प्रदेश, नेपाल ।**

# घ्याङलेख गाउँपालिकाको पाँचौगाउँसभा बैठकमा पेश भएको

## आ.व. २०७६/७७ कोवार्षिक *नीति तथा कार्यक्रम*

***सभाध्यक्ष महोदय,***

सर्वप्रथम घ्याङलेख गाउँपालिकाकोयस गरिमामय गाउँसभामा सम्पूर्णसदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्दछु । साथै यस गरिमामाय सभामा आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त हर्षित छु । मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधीनता,संघीय लोकतान्त्रिक गणतन्त्र, स्वतन्त्रता तथा शान्ती र सम्वृद्धिका लागि शहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्न चाहन्छु । राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु र नेपाली समाजको रुपान्तरणमा उहाँहरुको योगदानको उच्च प्रशंसा समेत गर्न चाहन्छु ।

***आदरणीय गाउँसभा सदस्यज्यूहरु,***

सिन्धुली जिल्लाको पशिचममा भागमा अवस्थित यस घ्याङलेख गाउँपालिकाकृषि, पर्यटन र पशुपालनका हिसावले धनी रहको रहेको भए पनि भौगोलिक बनावट, वनजंगलको फडानी,बाढी पहिरो तथा वर्षातको समयमा सहज रुपले यातायात सेवा सुचारु नहुन जस्ता समस्याहरु यथावत नै रहेको छ । सिमिति वित्तिय श्रोत साधन तथा जनशक्तिको न्यून उपलव्धताका विच बदलिदो परिवेशमा जनताको असिमित आवश्यक्ता र चाहनाहरुको सम्वोधन गर्नु चुनौतिपूर्ण नै मानिन्छ । यसका बावजुत पनि गत वर्ष यसै सभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा समावेश गरिएका धेरै कार्यक्रमहरुको कार्यान्वयन भएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

***आदरणीय गाउँसभा सदस्यज्यूहरु,***

गाउँपालिकाका सवै वडाहरुमा सडक यातायातको पहँचु स्थापित गर्न मूल सडकहरुलाइ स्तरोन्नती गर्ने कार्य अगाडी बढेको छ । यसै क्रममा चालु आर्थिक वर्षमा यस गाउँपालिकाको वडा नं. १ स्थित खट्टार अमले अम्बोटे सडक, वडा नं. २ स्थितचन्दनपुर, भैंसे, बस्तिपुर, काफ्लेचौर सडक, वडा नं. ३स्थित सोला भन्ज्याङ ढुङ्गे सादोबाटो सडक,तामाजोर सिरानटोल देखि आधामारा सम्मको मोटरबाटो, वडा नं. ४ स्थितमश्राङ्गे, कवासे आहाले चौकिटार सडक,वडा नं. ५ स्थित पाखुरे फेदी घटेस्वाँरा रामपुर सडक,सिम्पाल चैनपुर रातु राङ्चा वस्ति मोटर बाटो स्तरोन्नतीको कार्य सम्पन्न भएको छ । साथै सोलाभन्ज्याङ बेल्बोट रामपुर सडक स्तरोन्नतीको कार्य तिव्र गतिमा अगाडी वढेको छ ।

सडक यातायात नपुगेका वस्तिहरुलाई सडक संजालले जोड्दै जाने नीति अनुरुप चालु आर्थिक वर्षमा यस गाउँपालिकाको वडा नं. १ स्थितडल्लुडाडा पटबास सडक निर्माण,बछिउटार मतनबास अधुरो सडक निर्माण, वडा नं. ३ स्थित अरुवोट तल्कुडाडा मोटर बाटो निर्माण,सोला भन्ज्याङ आहाले मोटर बाटो निर्माण, वडा नं. ४ स्थित शिखरपुर, बन्दिपुर बेलबोट सडक निर्माण, रामपुर सुव्वाडाँडा, स्याउरीडाँडा अधुरो सडक निर्माण,नि.मा.वि. गोपे देखि

गोपे फेदि सम्मको अधुरो सडक निर्माण, वडा नं. ५ स्थित अर्चले कान्फोल्दोङ हात्तीहाल राङचा मोटरबाटो निर्माण,पहरीलेक रामपुर डाँडा अधुरो सडक निर्माण, खरीबोटे डोठे अधुरो सडक सडक निर्माण,खानीखोला ज्ञान डाँडा अधुरो सडक निर्माण, पिपलभञ्ज्याङ, दक्षिणकाली अधुरो सडक निर्माण, बुदुमचुली मोटरबाटो निर्माण, चारघरे बाटो निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

प्रसिद्ध फापरचुली क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न फापरचुली भ्यूटावर निर्माणको कार्यका लागि डि.पि. आर. प्रतिवेदन तयार भई सकेको छ ।

गाउँ कार्यपालिका र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउन गाउँ कार्यपालिका र वडाकार्यालयहरुको लागि सुविधा सम्पन्न कार्यालय भवन निर्माण गर्ने नीति अनुरुप यस गाउँपालिकाको चालु आ.व. मा वडा नं. ४ को कार्यालय भवन निर्माण सम्पन्न भए संगै सवै वडाहरुमा वढा कार्यालयको भवन निर्माण सम्पन्न भएको छ ।साथै यस गाउँपालिकाको वडा नं. २ स्थित हायूटार र डुम्रेमा गाउँ कार्यपालिका कार्यालयको अस्थाई ट्रस भवन निर्माणका लागि टेण्डर आव्हान भई निर्माण कार्य अगाडी बढेको छ ।

गाउँपालिकाको विद्युतीकरणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय प्रशारण लाईनको विस्तार गर्ने कार्यले तिव्रता पाएको छ । चालु आ. व. मा यस गाउँपालिकाकाले सिम्ले अमले देखि हायुटार सम्मको मूल सडकमा विद्युत पोल र तार विस्तार गर्ने कार्य सम्पन्न हुने अवस्थामा पुगिसकेको तथा वडा नं. १,२,३ र ४ मा राष्ट्रिय विद्युत प्रशारण लाईनको विस्तार कार्यका लागि टेन्डर आव्हान भई कार्यान्वयनको प्रक्रिया अगाडी वढिसकेको छ । साथै सवै वडाका वस्तिहरुमा विद्युतिकरणका लागि डि.पि.आर. प्रतिवेदन समेत तयारी भईसकेको छ ।

उद्यमशिलता प्रवर्द्धनका माध्यमद्धारा महिलाहरुलाई उद्यम व्यवसायमा अभिप्रेरित गर्ने नीती अनुरुप चालु आ. व. मा महिलाहरुका लागि उद्यमशिलता प्रवर्द्धन तालिम संचालन भएको छ । साथै महिलाहरुका लागि वाँस सिप तालिम,सावुन तथा सरव बनाउने सिप विकास तालिम,फाइवर झोला वनाउने तालिम जस्ता तालिम कार्यक्रमहरु संचालन भईसकेका छन । चालु आ.व. मा यस गाउँपालिकाको वडा नं. १, २ र ३ मा महिला भवनको निर्माण भए संगै सवै वडामा महिला भवन उपलव्ध भएको छ ।

लक्षित वर्गको शसक्तिकरण र सिपविकासका लागि चालु आ.व.मा किशोर किशोरी तथा दलित लक्षित कम्प्यूटर तालिमको संचालन तथा युवाहरुका लागि उदघोषण तालिमको संचालन भएको छ । जेष्ठ नागरिकको सम्मानका लागि चालु आ.व. मा यस गाउँपालिका भित्रका ७६ वर्ष माथिका ३२७ जना जेष्ठ नागरिकहरुका लागि न्यानो कपडा सेट( सिरक डस्ना सेट) वितरण गरि सम्मान गरिएको छ ।

वातावरण संरक्षण र दिगो विकासको लक्ष्य अनुरुप चालु आ.व.मा यस गाउँपालिकाको पिपलभञ्ज्याङ विद्युत कुलोको मुहान देखि वगर सम्म तटवन्धन निर्माण,खानिखोला रैका, कोल्टार तारजाली तथा तटबन्दन,वगरटोल घटेसंग्र तारजाली तथा तटबन्दन,सिम्लेखोला तटवन्धन निर्माण,प्रा.वि. रांगैचौर तटवन्धन निर्माण कार्य सम्पन्न भएको छ ।

सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि गाउँपालिका स्तरीय विविध तालिम तथा अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ । यस गाउँपालिकाका सामूदायिक विद्यालयहरुमा दरवन्दि मिलान कार्यका लागि कार्यदल गठन भई कार्य अगाडी बढेको छ ।

गाउँपालिकामा भएका अधिकांश विवादहरुलाई सामूदायिक मेलमिलाप केन्द्र तथा न्यायिक समिति मार्फत समाधान गरिएको छ । चालु आ. व. मा १५० भन्दा बढि विवादहरु सामूदायिक मेलमिलाप केन्द्र मार्फत समाधान भएको छ ।

गाउँपालिकाका जनताको स्वास्थ्य सेवामा सहज पहुँच स्थापित गर्ने नीति अनुरुप यस गाउँपालिकाको वडा नं. २ भैसेमा सामूदायिक स्वास्थ्य इकाईको स्थापना भई सेवा सुचारु भईसकोको छ । चालु आर्थिक वर्षमा यस गाउँपालिकाको वडा नं. २ हायूटार र वडा नं. ५ रामपुरमा १ दिने स्वास्थ्य शिविरको संचालन भएको छ । सवै वडामा कम्तीमा एक वर्थिङ सेन्टरको स्थापना गर्ने नीति अनुरुप चालु आ.व. मा वडा नं. ४ मा बर्थिङ सेन्टर भवन निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

यस गाउँपालिकाका गतिविधिहरुलाई रेडियो कार्यक्रमका माध्यमद्धारा प्रचारप्रसार गर्न र जनतालाई सूसुचित गराउनको लागि media for equal partipication संगको सहकार्यमा रेडियो कार्यक्रम घ्याङलेख गतिविधि संचालनमा आएको छ । जुन कार्यक्रम हरेक साताको विहिवार साझ ६:३० देखि ७ बजेसम्म रेडियो मधयतराई ९४.४ मेगाहर्ज र रेडियो सिद्धबाबा ९८.४ मेगाहर्ज सिन्धुलीबाट शुक्रबार साझ ६:३० देखि ७ बजेसम्म सुन्न सकिनेछ ।

यस गाउँपालिकाको वडा नं. २ हायूटारमा एस. वि. आई. बैंकको शाखा विस्तार भईसको छ । बैंकिङ सेवामा जनताको सहज पहुँच स्थापित गर्न गाउँपालिकामा वाणिज्य बैंकको शाखा स्थापना गर्ने चालु आर्थिक वर्षको नीतिले सार्थकता पाए संगै अवका दिनहरुमा गाउँपालिका देखि जिल्ला सम्म बैंकिङ कारोवार गर्न धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ ।

चालु आ. व. मा गाउँ कार्यपालिका कार्यालय तथा सवै वडा कार्यालयहरुमा इन्टरनेट जडानको कार्य सम्पन्न भएको छ । यस आर्थिक वर्षमा अनलाईन घटनादर्ता गर्ने कार्य प्रारम्भ भएको छ । साथै लेखा प्रणालीलाई व्यवस्थित बनाउनका लागि शुत्र प्रणालीको शुभारम्भ भईसकेको छ ।

***सभाध्यक्ष महोदय,***

अव म आगामी आर्थिक वर्ष ०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।घ्याङलेख गाउँपालिकाको आ.व.०७६।०७७ को वार्षिक नीति तथा कार्यकम तर्जुमा गर्दा नेपालको संविधान २०७२, केन्द्र सरकारको आ.व. ०७६।०७७ को बजेट वक्तव्य, नेपाल सरकारको आ.व. ०७६।०७७ को वार्षिक नीति तथा कार्यकम,स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित), घ्याङलेख गाउँपालिकाको कार्यसञ्चालन नियमावली २०७४, घ्याङलेख गाउँ कार्यपालिकाको कार्यसम्पादन नियमावली २०७४, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४,गाउँपालिकाको राजश्व परामर्श समितिको निर्णय, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति एवं बजेट तथा कार्यकम तर्जुमा समितिको निर्णय, स्थानीय सरकार संचालन ऐन २०७४, गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु र नेपाल सरकारले अवलम्बन गरेको दिगो विकासका

लक्ष्यलाई मार्गदर्शनको रुपमा लिई सहभागितमुलक योजना तर्जुमा पद्धति अबलम्बन गरिएको छ । योजना तथा कार्यक्रम छनौट एवं परिचालन गर्दा समावेशी रुपमा सहभागितात्मक पद्धति अवलम्बन गरी मूलतः महिला, बालबालिका, आदिवासी, जनजाति, दलित, अपाङ्ग साथै पिछडिएका वर्ग, क्षेत्र तथा समुदायलाई प्राथमिकता दिई विकासको मूल प्रवाहीकरणमा सहभागी गराउने नीति लिइने छ । क्रमागत आयोजनाहरु र गाउँपालिकाले गर्नैपर्ने सडक विस्तार तथा स्तरोन्नति, नदी नियन्त्रण, भवन निर्माण, फोहोरमैला व्यवस्थापन र हाटबजार व्यवस्थापन र बसपार्क निर्माण जस्ता कार्यक्रमलाई उच्च प्राथमिकता दिई बजेट विनियोजन गरिने छ ।

आगामी वर्ष सञ्चालन गरिने आयोजनाहरुको प्राथमिकीकरण तपशील बमोजिमका आधारहरुमा गरिने छ ।

- आर्थिक विकास र गरिवि निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- उत्पादनमुलक र छिटो प्रतिफल दिने ।
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- स्थानीय राजश्व परिचालनमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- लैंगिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
- दिगो विकास, विपद् व्यवस्थापन र वातावरण संरक्षणमा योगादन पुऱ्याउने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ।
- गाउँवासीलाई वातावरण संरक्षण, विपद् तथा जलवायू परिवर्तन उत्थानशील बनाउने ।
- स्थानीय भाषिक, सांस्कृतिक विकासलाई प्रवर्द्धन गर्ने ।

***सभाध्यक्ष महोदय,***

लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गर्दै गाउँवासीको सहभागितामा निर्णय गरी अन्तर सरकारी वित्तिय हस्तान्तरण र स्थानीय श्रोत साधनको अधिकतम परिचालन मार्फत गाउँवासीको जीवनस्तरलाई समृद्धि उन्मुख गराउने **सोच** रसवैखाले नागरिकहरुको समानता, स्वतन्त्रताको संरक्षण गरि कानुनको शासन मौलिक हक मानव अधिकारको संरक्षण र प्रवर्द्धन र सामाजिक न्यायको माध्यमबाट जनताको जीवनस्तरमा सुधार ल्याई सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने **लक्ष्य** तथा स्थानीय तहमा नै सबै सरकारी सेवाहरुको उपलब्धता एवं शिघ्र र निश्पक्ष न्याय सम्पादन गराउने **उदेश्यका**साथ आगामी आर्थिक वर्ष २०७६।०७७ नीति,बजेट तथा कार्यक्रम तयार गरिएको छ । आर्थिक वर्ष ०७६/०७७ को नीति, बजेट तथा कार्यकमको कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धी हासिल हुने अपेक्षा लिईएको छ ।

- स्थानीयस्तरमा सबै सरकारी सेवाहरु उपलब्ध हुने ।
- गाउँपालिकाको विकास निर्माणका गतिविधिहरु गुणस्तरीय, दिगो र सन्तुलितरुपमा अगाडी बढ्ने ।
- विकास निर्माणका कार्यकमहरु सञ्चालनमा जनसहभागिता, अपनत्व र पारदर्शिता अभिवृद्धि हुने ।
- नीति तथा कार्यकमहरुको कार्यान्वयन पश्चात जनताले प्रत्यक्षरुपमा सो को प्रतिफल प्राप्त गर्ने ।

***सभाध्यक्ष महोदय,***

आर्थिक वर्ष ०७६/०७७ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा  देहाय बमोजिमका नीति तथा आधारहरुलाई अवलम्बन गरिएको छ ।

**(क) समग्र नीति तथा आधारहरु**

१. प्रसिद्ध फापरचुली क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न फापरचुली भ्यूटावर निर्माणको कार्य तिव्र गतिमा अगाडी बढाइने छ ।

२. गाउँपालिकाका सवै वडाहरुलाई सडक यातायातको पहँचु स्थापित गर्न मूल सडकहरुलाइ स्तरोन्नती गरिनेछ।

३. गाउँपालिकाको विद्युतीकरणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय प्रशारण लाईनको विस्तारका लागि पर्याप्त बजेट विनियोजन गरिनेछ ।

४. स-साना योजनाहरुमा बजेट विनियोजन गर्ने परिपाटीलाई निरुत्साहीत गर्नको लागि आगामी आर्थिक वर्षदेखि ठूला तथा धेरै प्रतिफल दिने खालका योजना तथा कार्यक्रमहरुको छनौट तथा कार्यान्वयनमा जोड दिईनेछ ।

५. गाउँपालिका क्षेत्रभित्र फोहोरमैलाको उचित व्यवस्थापन गर्न गाउँवासीहरुको सहभागितामा प्रत्येक वडाहरुबाट फोहोरमैला संकलन र व्यवस्थापन गर्ने कार्य अगाडी बढाईने छ । साथैगाउँपालिकाको कुनै उपयुक्त स्थानमा ल्यान्डफिल्ड साइटको व्यवस्था गरिनेछ ।

६. गाउँपालिकाका सबै विवरणहरु समावेश भएको गाउँपालिका पार्श्वचित्र निर्माण गरिने छ ।

७. भौगोलिक रुपमा विकट रहेका वडाहरुमा आधारभूत सडक, विद्युत र स्वास्थ्य सेवाको विकासलाई उच्चप्राथमिकता दिई सञ्चालन गरिने छ ।

८. यस क्षेत्रबाट बैदेशिक रोजगारमा जाने अनुपातलाई न्यूनिकरण गर्दै यूवाहरुलाई उद्यम व्यवसायमा लाग्न प्रोत्साहन गरिनेछ ।

९. प्राकृतिक श्रोत र साधनलाई वातावरणीय अवस्थामा प्रतिकुल प्रभाव नपर्ने गरी जंगलबाट जडिबुटी र काठ, खोलाबाट ढुंगा, गिटी र बालुवा जस्ता प्राकृतिक श्रोत साधनको दिगो, वातावरणमैत्री, सन्तुलित एवं उचित उपयोग गर्ने व्यवस्था मिलाईनेछ ।

१०. गाउँपालिका क्षेत्रभित्र रहेको खानेपानी समस्यालाई हल गर्न प्रत्येक टोल एवं वस्तिहरुमा कम्तिमा पनि एक घर एक धाराको अवधारणा कार्यान्वयन गर्ने निती अवलम्वन गरिनेछ । साथै खानेपानि समस्याको दिगो समाधानका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

११. गाउँ कार्यपालिका कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज र व्यवस्थित बनाउन गाउँ सभावाट तोकिएको स्थानमा गाउँ कार्यपालिका कार्यालयकोसुविधासम्पन्न भवन निर्माण गरिनेछ ।

१२. परम्परा देखि गरिदै आएको कृषि प्रणाली र पशुपालन व्यवसायलाई आधुनीकिकरण गरी अर्गानिक र व्यवसायिक खेती प्रणालीको विकासमा जोड दिईनेछ ।

१३. कृषि क्षेत्रको विविधिकरण गरिनेछ ।

१४. गाउँपालिकालाई वातावरणमैत्री गाउँको रुपमा विकास गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ

१५. गाउँपालिका भित्र रहेको सार्वजनिक स्थल,जग्गा जमिन,मठ,मन्दिर,गुम्बा लगायत सार्वजनिक सम्पतिको तथ्यांक संकलन गरी आवश्यकता अनुसार संरक्षण र सम्र्बद्धन गर्न विशेष नीति अपनाईनेछ । साथैसार्वजनिक जग्गाहरुको पहिचान र संरक्षण गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

१६. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवालाई सहज, सरल, गुणस्तरीय, प्रभावकारी र छिटोछरितो बनाई सुशासनको प्रत्यक्ष अनुभूति गराईने छ ।

१७. गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**(ख) क्षेत्रगत नीति तथा आधारहरु**

**(१) आर्थिक क्षेत्र विकास नीतिहरु**

१. कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सिंचाई महत्वपूर्ण माध्यम भएकोले गाउँपालिका क्षेत्र भित्र विभिन्न सिंचाई आयोजनाहरु प्राथमिकताका साथ सञ्चालन गरिनेछ । गाउँपालिकाले सञ्चालन गर्न नसकिने ठुला योजनाहरु संचालनका लागि केन्द्र सरकारको सम्वन्धित निकायलाई अनुरोध गरीपठाइनेछ।

२. कृषियोग्य भूमिलाई संरक्षणका साथ गाउँपालिका क्षेत्रलाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउनव्यवसायिक तरकारी खेतीलाई विशेष प्राथमीकता दिइनेछ साथै विभिन्न कृषि पकेट क्षेत्रको स्थापनालाई उच्च प्राथमिकता दिइनेछ । संभावित क्षेत्रका कृषकहरुका लागि अलैची, किवी तथा कागती र अन्य विरुवाहरुको वितरण गरिनेछ ।

३. व्यवसायिक पशुपालनको लागि प्रोत्साहन गरिनेछ । उच्चजातकोब्याडे बोका खरीद गर्न सहयोग गरिनेछ । साथै व्यवसायिक कुखुरापालन गर्ने किसानहरुलाईसहयोग गरिनेछ ।

४. उद्योग व्यापारको विकास र विस्तार गर्न वजार व्यवस्थापन र सडक सञ्जाललाई प्राथमिकता दिईनेछ । गाउँपालिका क्षेत्र भित्र हाटबजारहरु व्यवस्थापनलाई उच्च प्राथमिकताका साथ अगाडी बनाईने छ ।

५. गाउँ क्षेत्रभित्रबाट बैदेशिक रोजगारीमा जाने अनुपातलाई न्यूनीकरण गर्न यूवा उद्यमीलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

६. गाउँपालिका र अन्य साझेदार संघसंस्थाहरुको सहकार्यमा उद्यमशीलता र आयआर्जन सम्बन्धी कार्यक्रम सञ्चालनगरिनेछ । घरेलु तथा साना उद्योगहरुको विकास र विस्तारमा जोड दिईनेछ ।

७. गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण र प्रवर्द्धन गरिनेछ ।

८.	गाउँपालिका भित्रको बैंकिङ सेवालाई जनताको पहुँचसम्म पुऱ्याउनको लागि बैंकको शाखा स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

(२)	**सामाजिक क्षेत्र विकास नीतिहरु**

१. गाउँपालिकाक्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धि गर्न जेहेन्दार,विपन्न र अनाथ छात्र/छात्रालाई छात्रवृतिको व्यवस्था गरिनेछ ।विद्यालयको पूर्वाधार विकासमा जोड दिईनेछ ।

२. विद्यालय जान नसक्ने बालबालिकाहरुको लागि विद्यालय जान सक्ने वातावरण सृजना गर्न चेतनामुलक तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रोत्साहनको लागि गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।

४. शैक्षिक गुणस्तर वृद्धिको लागि विद्यालयहरुको नक्शांकन गरी शिक्षक विद्यार्थी अनुपात बमोजिम शिक्षक दरबन्दी कायम गर्न आवश्यक पहल गरिनेछ ।समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यमा जोड दिईनेछ ।

५. सामूदायिक विद्यालयमा कार्यरत बाल बिकास सहयोगी कार्यकर्ता, विद्यालय सहयोगी तथा कर्मचारीहरुको न्यून पारिश्रमकिलाई ध्यानमा राखेर गाउँपालिकाबाट थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

६. गाउँपालिका क्षेत्र भित्र कार्यरत महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई उत्प्रेरित गर्नको लागि आर्थिक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

७. हरेक वडामा कम्तिमा एक वर्थिङ सेन्टर स्थापना गर्ने नीति अवलम्वन गरिनेछ । साथै गर्भवति महिलाका लागि पोषण कार्यक्रम र भत्ता समेतको व्यवस्था मिलाइनेछ ।

८. गाउँपालिकामा हस्तान्तरण भईआएका विषयगत शाखासँग सम्बन्धित सबै कार्यक्रमहरुको कार्यान्वयनमा जोड दिईनेछ ।

९. स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको विकासमा जोड दिईनेछ ।

१०.	सबै गाउँबासीहरुलाई खानेपानीको सुविधा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

११. गाउँपालिकाका विभिन्न स्थानहरुमा नियमितरुपमा सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. गाउँपालिकाभित्र रहेका सम्पूर्ण धर्म सम्प्रदायका साँस्कृतिक, पुरातात्विक, धार्मिक महत्वका मन्दिर, गुम्बा जस्ता संरचनाहरु र त्यस्ता क्षेत्रको विकास, संरक्षण र प्रचार प्रसारमा जोड दिईनेछ ।

१३. तामाङ समुदायको संस्कृति र परम्परालाई संरक्षण गर्दै गुम्वा निर्माणमा जोड दिईनेछ । लोप हुँदै गएको पन्चेबाजालाई संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

१४.	खेलकुद क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाउन गाउँपालिका स्तरीय टिम तयार गर्नको निम्ति वडा वडाहरुका टिम बीच प्रतिस्पर्धा गराईने छ । सबै खेलकुदको लागि आवश्यक खेल मैदान निर्माणलाई उच्च प्राथमिकता दिईनेछ साथै खेलकुद संग सम्वन्धित प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालनलाई निरन्तरता दिइनेछ ।

१५. गाउँपालिकाबाट बालबालिकामूखी कार्यक्रम संचालन गरिनेछ । साथै गाउँपालिका क्षेत्रबाट निकृष्ट बालश्रम तथा वाल विवाह उन्मूलन गर्न गाउँपालिका र विभिन्न गैह्र सरकारी संस्थाहरु सँगको साझेदारीमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

१६. गाउँपालिका स्तरीय बाल संरक्षण समिति गठन गरी बाल क्लब र बालसञ्जालहरुको विकासमा ध्यान पुऱ्याइनेछ ।

१७. विभिन्न गैर सरकारी संघ संस्थाहरु सँगको साझेदारीमा गाउँपालिका क्षेत्रमा बालविवाह विरुद्ध चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. सबै जातजातिका विपन्न र एकल महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग लगायत विकासको दृष्टिकोणले पछाडि परेका वर्गलाई विकासका हरेक क्रियाकलापहरुमा सहभागी गराई क्षमता विकास रसशक्तिकरणमा निरन्तरता दिइनेछ ।

१९. कानुनद्धारा दण्डनीय जातीय विभेद र छुवाछुत जस्ता अवस्थाको अन्त्य गरी समतामुलक समाजको निर्माण गरिनेछ ।

२०. अनाथ बालबालिका अशक्त अपाङ्गहरुका अनाथालय निर्माणमा सहयोग गरिनेछ ।

२१. जेष्ठ नागरिकको योगदानको कदर गर्दै जेष्ठनागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

२२. महिलाहरुलाई विकासमा मूलप्रवाहीकण गर्न सशक्तिकरण र क्षमता विकासकाकार्यक्रमहरु सञ्चालन गरिने छ।

२३. किशोरीहरुका लागि सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

**(३) पूर्वाधार क्षेत्र विकास नीतिहरु**

१. गाउँपालिकाका सबै वडाका वस्तीहरुमा सडक सञ्जाल पुऱ्याउने नीति लिईनेछ ।

२. शहरी पूर्वाधार विकासको खाका तयार गरिनेछ । साथै गाउँपालिकाको पार्श्व चित्र, आवधिक योजना, र गाउँपालिकाको गुरुयोजना निर्माण गरिनेछ ।

३. घ्याङलेख गाउँपालिकाको भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा लगिनेछ । अनिवार्य रुपमा नक्शा पास गरी भवन निर्माण गर्ने नीति लागु गरिनेछ ।

६. गाउँपालिकाका सबै वडाहरुमा विद्युत तथा सञ्चार सुविधालाई विस्तार गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७. गाउँपालिका भित्र सञ्चार सेवा उपलब्ध गराएका सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी गुणस्तरीय सेवाको लागि पहल गरिनेछ ।

**(४) वातावरण तथा विपद व्यवस्थापन नीति**

१. प्रत्येक सडकको दुवैतिर र नदि किनारमा तटवन्धन गरि वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

२. गाउँपालिकाका हरेक घर, टोल, वडा हुँदै समग्र गाउँपालिकालाई नै वातावरणमैत्री घोषणा गर्न उच्च प्राथमिकताका साथ अगाडी वढाइनेछ ।

३. गाउँपालिकाका उजाड र नांगा डाडाहरुमा बृक्षारोपण गरिनेछ ।

४. गाउँपालिकालाई प्लाष्टिक मुक्त क्षेत्र कायम गर्न वातावरणमैत्री झोला उत्पादन गरि प्रयोग गर्न प्रोत्साहन गरिनेछ । साथै डस्टविन खरीद गरी न्यूनतम सहभागितामा वितरण गरिनेछ ।

५. प्राकृतिको श्रोतको दिगो र समुचित उपयोगको लागि सो को नक्शांकन लेखाजोखा र वायो इन्जिनियरिङ मापन गरिनेछ ।

६. गाउँपालिका स्तरीय विपद् पूर्वतयारी रप्रतिकार्य योजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७. गाउँपालिकाको कुनै उपयुक्त स्थानमा ल्यान्ड फिल्ड साइट (Land Fill Site)व्यवस्था गरिनेछ ।सड्ने र नसड्ने फोहोर छुट्याइ व्यवस्थापन गरिनेछ ।

**(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन नीति**

१. गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाह सम्बन्धी समग्र जानकारी सहितको नागरिक वडापत्रलाई अद्यावधिक गरीनेछ ।साथै गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयको सेवा प्रवाहलाई सहज, सरल र जनमैत्री बनाईनेछ ।

२. भष्ट्राचार तथा अनियमिततालाई निरुत्साहित गरि विकास र सेवाका हरेक क्षेत्रमा स्वच्छता कायम गर्न आश्यक नीति अवलम्वन गरिनेछ ।

३. घरेलु मदिरा, लागुऔषध सेवन तथा दुर्व्यसन नियन्त्रणको उचित व्यवस्था मिलाईनेछ ।

४. राजश्व परामर्श समितिको सिफारिस आधारमा करको दायरा निर्धारण गरी सबै व्यवसायलाई करको दायराभित्र ल्याईनेछ । कर संकलन कार्यलाई कम्प्युटर विलिङ मार्फत संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

५. साविक गा.वि.स. र यस गाउँ कार्यपालिका कार्यालयकोविभिन्न शीर्षकमा रहेको बेरुजुलाई घटाई आगामी दिनहरुमा वेरुजु बढ्न नदिनका लागि कार्यक्रम तथा योजनाको कार्यान्वयन गर्दा कामको मूल्याङ्कनको आधारमा भुक्तानी दिइने व्यवस्था मिलाईनेछ ।

६. गाउँपालिकाका र हरेक वडा कार्यालयहरुमा जडित इन्टरनेटको क्षमता विस्तार गरिनेछ ।

७. गाउँपालिकाले संचालन गरेका आयोजना तथा कार्यक्रमहरुको सम्बन्धमा सार्वजनिक सुनुवाई, सामाजिकलेखापरीक्षण र सार्वजनिक लेखापरीक्षणगरिनेछ ।

८. गाउँ कार्यपालिका र वडा कार्यालयहरुमा रिक्त रहेको कर्मचारीहरुको दरबन्दी बमोजिम पदपूर्तिको लागि आवश्यक प्रवन्ध मिलाईनेछ । साथै जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकासका लागि क्षमता अभिवृद्धि र नेतृत्व विकास सम्बन्धि तालिम कार्यक्रम संचालन गरिनेछ ।

७. कार्यालयबाट प्रदान गरिने सेवा सुविधालाई क्रमशः कम्प्युटरकृत र सूचना प्रविधिमैत्रीबनाई थप प्रभावकारी बनाइनेछ ।

***सभाध्यक्ष महोदय,***

उपरोक्त नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सम्पूर्ण गाउँवासीहरु एवं सम्बद्ध सबै पक्षहरुबाट आवश्यक सहयोग र सल्लाहको अपेक्षा एवं रचनात्मक पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु ।गाउँपालिकाबाट सञ्चालन हुने विकासका गतिविधिहरुमा विभिन्न किसिमले सहयोग गर्नुहुने राजनैतिक दल, गैरसरकारी, सामुदायिक एवं निजी संघसंस्था, उद्योगी व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी एवं गाउँपालिकाका कर्मचारीहरु र गाउँ वासीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै प्रस्तुत यस नीति तथा कार्यक्रम स्वीकृतिका लागि अनुरोध गर्दछु ।

दुर्गादेवी सुनुवार
उपाध्यक्ष